**Butwal Campus Journal, Vol. 6, No. 1: 135-143, December 2023**
Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal
DOI: https://doi.org/10.3126/bcj.v6i1.62980

# ‘बाबाको माया’ कथामा अभिघात

**शंकरप्रसाद गैरे**
*उपप्राध्यापक, त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

*Article History: Received 27 August 2023; Reviewed 06 October 2023; Revised 19 December 2023; Accepted 27 December 2023*

## लेखसार

प्रस्तुत समालोचनात्मक लेखमा उत्तरआधुनिक बहुलवादी समालोचनाअन्तर्गतको अभिघात सिद्धान्तका आधारमा रामलाल जोशीको बाबाको माया कथाको विश्लेषण गरिएको छ । अभिघात सिद्धान्तले विभिन्न घटना, दुर्घटना, हत्या, हिंसा, द्वन्द्व आदिका कारण प्रभावित हुन पुगेका शारीरिक तथा मानसिक रूपमा विक्षिप्त पात्रका दसाको अध्ययन गर्दछ । अतः त्यस प्रकारका विषयवस्तुको प्रस्तुति भएका साहित्यिक रचनाको अध्ययन गर्दछ । रामलाल जोशीको बाबाको माया कथा पात्रका शारीरिक तथा मानसिक दसा र पीडाको भोगाइका चरम उत्पीडनको प्रस्तुति रहेको कथाका रूपमा देखापर्दछ । अतः जोशीको उक्त कथामा प्रयुक्त अभिघातजन्य सन्दर्भलाई पहिचान गर्नु प्रस्तुत लेखको मुख्य समस्या रहेको छ । अभिघात सिद्धान्तमा केन्द्रित रहेर बाबाको माया कथाको विश्लेषण गर्नु लेखको उद्देश्य रहेको छ । अभिघात सिद्धान्तका सापेक्षमा निर्धारित कथाको विश्लेषण गरिएको हुँदा लेखमा समालोचनाको सैद्धान्तिक विधि उपयोग गरिएको छ । प्रस्तुत लेखलाई सम्पन्न गर्न बाबाको माया कथालाई मुख्य स्रोत सामग्रीका रूपमा चयन गरिएको छ भने पुस्तकालयीय कार्यबाट द्वितीय स्रोतसामग्रीको सङ्कलन गरी गुणात्मक अध्ययन अन्तर्गतको पहिचानात्मक तथा विश्लेषात्मक विधिको प्रयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ । सैद्धान्तिक विश्लेषण विधिका माध्यमबाट अध्ययनलाई अगाढि बढाई अभिघातसिद्धान्तका सापेक्षमा बाबाको माया कथा महत्त्वपूर्ण रहेको निष्कर्ष निरुपण गरिएको छ ।

**शब्दकुञ्जी** : अन्तर्घात, अभाव, द्वन्द्व, पीडा, विभेद ।

## विषयपरिचय

‘बाबाको माया’ कथा रामलाल जोशीकृत आख्यानकृति *बाआमा* (२०७९) सङ्ग्रहमा समाविष्ट पहिलो कथा हो । रामलाल जोशी नेपाली आख्यान साहित्यमा विशिष्ट पहिचान बनाएका स्रष्टा हुन् । उनका *ऐना* कथासङ्ग्रह (२०७२), *सखी* उपन्यास (२०७५) का साथै *हत्केलामा आकाश* गजलसङ्ग्रह (२०५७) कृति प्रकाशित छन् । सुदूरपश्चिमको धनगढीमा बसेर नेपाली साहित्यको श्रीवृद्धिमा लागिपरेका जोशी आफ्ना रचनाहरूमा मूलतः सुदूरपश्चिमका विषयवस्तुहरूलाई उठाउँछन् । उनले त्यस क्षेत्रका पिछडा वर्गको चेतनास्तरका साथै तिनका विवसता, बाध्यता, अन्याय अत्याचार, शोषण, दमनका साथै त्यसका माध्यमबाट समाज र संस्कृतिका विविध पक्षलाई उजागर गरेको पाइन्छ ।

जोशीको पछिल्लो कृति *बाआमा*लाई उनले आख्यानमात्र भनेको पाइन्छ । कथा र उपन्यासको आख्यानात्मक भेदको किटान नगरिएको प्रस्तुत कृतिका केही पक्षले कृतिभित्र समाविष्ट पाठहरूलाई जोड्ने झिनो प्रयत्न गरेको देखिन्छ भने मूलतः पाठहरू एक आपसमा स्वतन्त्र भएर नै आफैमा पूर्ण पाठका रूपमा देखापरेकाले प्रस्तुत कृतिलाई कथासङ्ग्रह मान्दै कृतिको पहिलो पाठलाई स्वतन्त्र कथा

मानेर यस शोध्य लेखमा त्यसको विश्लेषणात्मक अध्ययन गरिएको छ । प्रस्तुत कथामा विभिन्न परिस्थितिका कारण शारीरिक र मानसिक पीडा भोग्न बाध्य बनेका पात्रहरूको मनोदशा र अवस्थाको प्रस्तुति रहेकाले यसलाई उत्तरआधुनिकता अन्तर्गतको अभिघात सिद्धान्तका सापेक्षमा विश्लेषण गर्न सकिने देखिन्छ । अभिघात सिद्धान्तले द्वन्द्व, अभाव, विभेद आदि विभिन्न कारण परिवार समाज राष्ट्र आदिबाट शारीरिक र मानसिक रूपमा भोग्नुपर्ने पीडाहरूको अध्ययन गर्दछ । जोशीको 'बाबाको माया' कथा यस्तै प्रकारका पात्रका मनोदशाहरूको प्रस्तुति रहेको कथाका रूपमा देखापर्दछ । तसर्थ अभिघात सिद्धान्तका सापेक्षमा 'बाबाको माया' कथा केकस्तो रहेको छ ? भन्ने मुख्य शोध्य समस्यामूलक प्रश्नमा केन्द्रित रही अभिघात सिद्धान्तका सन्दर्भबाट प्रस्तुत कथाको विश्लेषणात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ । प्रस्तुत लेखलाई द्वितीय स्रोत सामग्रीको उपयोग गरी पहिचानात्मक तथा विश्लेषणात्मक विधिको प्रयोग गरी सम्पन्न गरिएको छ । अतः प्रस्तुत कथा अभिघात सिद्धान्तका दृष्टिले सशक्त रहेको निष्कर्ष निरूपण गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत शोध्य लेखमा रामलाल जोशीको *बाआमा* कृतिमा समाविष्ट पहिलो कथा 'बाबाको माया'लाई अभिघात सिद्धान्तका सापेक्षमा विश्लेषण गरी अध्ययनलाई सम्पन्न गरिएको छ । अतः प्रस्तुत लेखलाई सम्पन्न गर्न जोशीको 'बाबाको माया' कथालाई मुख्य स्रोत सामग्रीका रूपमा चयन गरिएको छ भने सैद्धान्तिक अध्ययन तथा विश्लेषणका निम्ति पुस्तकालय स्रोतको उपयोग गरी रोगर लुचर्स्ट , राजेन्द्र सुवेदी, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, कुमारप्रसाद कोइराला, एकनारायण पौड्यालका अभिघातसम्बन्धी सैद्धान्तिक अध्ययन गरिएका द्वितीय स्रोत सामग्रीको प्रयोग गरेर सैद्धान्तिक पर्याधार तयार पारी प्रायोगिक अध्ययन प्रक्रियाअन्तर्गत पहिचानात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन कार्यलाई सम्पन्न गरिएको छ ।

## अभिघात सिद्धान्तको सैद्धान्तिक पर्याधार

साहित्य समालोचनाका क्षेत्रमा देखिएको पछिल्लो र नवीन अवधारणालाई उत्तरआधुनिकता भनिन्छ । यो आफैमा कुनै भिन्नै एउटा अलग शैली वा दृष्टिकोण नभएर विभिन्न दृष्टिकोणहरूको समावेशात्मक अवस्था हो । यसभित्र अनेक सिद्धान्त, पद्धति वा दृष्टिकोणहरू समाविष्ट छन् । जसमध्येको एउटा महत्त्वपूर्ण सिद्धान्त वा दृष्टिकोणका रूपमा अभिघात सिद्धान्त स्थापित छ । 'घात' शब्दमा 'अभि' उपसर्गको योग हुँदा अभिघात शब्द व्युत्पादन हुन्छ । अतः यो व्युत्पन्न तत्सम शब्द हो । घात शब्दले मार्ने, पिट्ने, प्रहार, आघात, हत्या, वध, धक्का ठक्कर, अहित जस्ता अर्थको द्योतन गर्दछ (त्रिपाठी, २०६७, पृ. ३५३) भने अभिघात शब्दको कोशीय अर्थ पनि यसकै निकट देखिन्छ (सुवेदी, २०७६, पृ. १४१) । अभिघात तत्सम शब्द भए पनि यस शब्दले बुझाउने सैद्धान्तिक स्वरूपको उठान भने पाश्चात्य साहित्यजगत्‌बाट भएको देखिन्छ । अतः अंग्रेजीमा यसलाई ट्रौमा भनिन्छ र अभिघात सिद्धान्तका ठाउँमा ट्रौमा थ्योरीको प्रयोग गरिन्छ । अभिघात एकप्रकारको पक्षाघात, विचलन, असन्तुलन, विस्मृति जस्ता अवस्थाको द्योतक हो । अतः यसले शारीरिक तथा मानसिक घातलाई बुझाउने गरेको देखिन्छ । सत्रौँ शताब्दीबाट स्वास्थ्योपचारका क्षेत्रमा प्रयोगमा आउन थालेको अभिघात शब्दले आरम्भमा शारीरिक आघातलाई मात्र बुझाउने गरेको पाइन्छ भने १८९५ तिरबाट शारीरिक क्षति वा आघातका साथै स्नायविक, मानसिक, मनोवैज्ञानिक आघातलाई समेत बुझाउन थालेको पाइन्छ (लुचर्स्ट, सन् २००६, ४९८) । अभिघातका विभिन्न प्रवृत्ति र विशेषता रहेको पाइन्छ तापनि सन्त्रास एवम् आतङ्कमय परिवेशको

अभिव्यक्ति, कारुणिक दुःखद र बीभत्स पक्षको चित्रण, अभिघातका कारण परिणति र तज्जन्य परिस्थितिको चित्रण, मानसिक, दैहिक र अन्य मनोगत पीडाको अभिव्यक्ति (गौतम, २०६८, पृ. १७६) यसका मुख्य प्रवृत्ति र विशेषता मानिन्छन् । युद्धजन्य कारणबाट उत्पन्न परिणतिलाई अभिघातको मुख्य कारण मानिएको छ । दोस्रो विश्वयुद्धले सिर्जना गरेका विध्वंश र ती घटनाहरूले सिर्जेका पात्रलाई आधार बनाएर गरिएका अध्ययनहरूबाट अभिघात सिद्धान्तले बलियो आधार प्राप्त गरेको देखिन्छ (शर्मा, २०६८, पृ. ११३) तापनि आजको समयमा आइपुग्दा युद्धमात्र अभिघातको कारण नभई यसका अनेकानेक कारण देखिन थालेका छन् भन्ने मान्यता स्थापित भएको देखिन्छ । शारीरिक तथा मानसिक रूपमा व्यक्तिले भोग्नुपर्ने/व्यहोर्नुपर्ने आघातहरू, स्वाभाविक वा आकस्मिक रूपमा उत्पन्न परिस्थितिले सिर्जना गरेका आघातहरूको अभिव्यक्तिलाई अभिघात सिद्धान्तले अध्ययन गर्दछ । जीवन र जगत्को, समाज र राष्ट्रको अस्थिरताले मान्छेका जनजीवनमा जुन प्रभाव पार्दछ र त्यस प्रभावले जुन प्रकारको पीडादायक अवस्थाको सिर्जना गर्दछ त्यो आफैमा अभिघातको अवस्था हो । त्यसो त युद्ध र द्वन्द्व नजिकको सम्बन्ध रहेका अवस्थाहरू हुन् तापनि यी एउटै विषय वा कुरा भने होइनन् । द्वन्द्व दुई विपरीत वस्तु, गुण, अवस्था, विचार, भावना आदिको जोडा हो, मानसिक द्विविधा हो र पारस्परिक झगडा, लडाई र युद्ध पनि हो । द्वन्द्वको सिर्जना मनबाट हुन्छ भने युद्ध भनेको परस्पर विरोधी पक्षबिच एकले अर्कालाई मार्ने, हराउने, दमन गर्ने आदि उद्देश्यले गरिने आक्रमण, लडाई वा सङ्ग्राम हो (कोइराला, २०६८, पृ.२५४) भन्ने विचारले यस कुराको पुष्टि गर्दछ । द्वन्द्वजनित लैङ्गिक हिंसाको चित्रण, अभिघातका कारण उत्पन्न विद्रोही चेतनाको चित्रण, द्वन्द्वात्मक परिवेशको विरूप यथार्थको चित्रण, द्वन्द्वरत पक्षको विद्रुप चरित्रको चित्रण, द्वन्द्वको सामाजिक अभिघातको प्रस्तुति, द्वन्द्वजनित शारीरिक अभिघातको प्रस्तुति र व्यवस्थामा देखिएका असन्तुलनका कारण देखिएका अभिघातको प्रस्तुति (खतिवडा र भण्डारी, २०७७, पृ. २५१) लगायतका अभिघातका अवस्थाहरू यस अन्तर्गत पर्दछन् । अभिघातलाई मूलतः युद्धकै परिणतिका रूपमा लिने गरेको पाइन्छ । विशेष रूपमा भन्नुपर्दा युद्धसाहित्यलाई विश्लेषण गर्ने सिद्धान्तलाई अभिघात भनिन्छ (गौतम, २०६७, पृ. ३९१) तापनि अभिघातअन्तर्गत एकातिर युद्ध, आन्दोलन, दुर्घटना, दैवीप्रकोपजस्ता ठूलाठूला घटनादुर्घटनाको प्रभाव रहन्छ भने अर्कोतर्फ सोँच, चिन्तन, रहर, चाहना आदिको अपूर्णताजस्ता कारणले पनि यस अवस्थाको सिर्जना गर्न सक्छ । बलात्कार, तिरस्कार, सामाजिक बहिस्कारजस्ता विषयहरू अभिघातसँग सम्बन्धित देखिन्छन् ।

अभिघातजन्य विषयहरूको प्रस्तुति र त्यस्ता विषयको अध्ययन चिन्तन पुरानो भए पनि यसलाई अत्याधुनिक दृष्टिकोणबाट प्रस्तुत गर्ने व्यक्ति डेरिडा मानिन्छन् । अमेरिकाको डेलस्कुलका साथै पौल डिम्यान, जेफ्री हार्टम्यान, हिलिस मिलर, ह्यारोल्ड ब्लुम लगायतले यसलाई स्थापित तथा विकसित तुल्याउन महत्त्वपूर्ण योगदान दिएको देखिन्छ (भट्टराई, २०७१, पृ. २३१) । भौतिक आघातबाट क्रमशः अन्तर्आघातसम्म विस्तारित अभिघातले मनोवैश्लेषिक पक्षलाई पनि आफूभित्र आत्मसात गर्दै लगेको पाइन्छ । चिकित्साक्षेत्रबाट क्रमशः साहित्यमा प्रवेश गरेको मनोवैश्लिेषिक अध्ययनको सम्बन्ध फ्रायड युङ्ग, लक आदि मनोविज्ञानीको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । फ्रायडवादले यसलाई साहित्यसँग जोड्ने कार्य गरेको पाइन्छ भने त्यसपछिका मनोविश्लेषकहरूले पनि व्यक्तिको अभिघात मनको अध्ययन गरे ( पौड्याल, २०७०, पृ. १२१) । एकातिर युद्धको अवशेष र अर्कोतर्फ मानसिक पीडाजन्य हुने हुनाले यसलाई मानसिक घाउ पार्ने अनुभूति मानिएको छ । यो दैहिक र मानसिक दुवै हुन्छ र पनि मनोविज्ञान र साहित्यमा मानसिक आघातको पक्षलाई अधिक महत्त्व दिएको देखिन्छ (शर्मा, २०६६, पृ.६२) । क्रमशः यसप्रकारको अध्ययनको सम्बन्ध उत्तरआधुनिक समालोचनासँग जोडिन गएको पाइन्छ जसको प्रत्यक्ष सम्बन्ध अभिघातपरक सिद्धान्तसँग रहेको देखिन्छ । राजेन्द्र सुवेदीले अभिघात अवस्थाको विस्तारपूर्ण

उल्लेख गर्दै यसलाई युद्धआदिका साथै व्यक्तिगत, पारिवारिक, सामाजिक, सार्वजनिक घृणा आदि; आफन्तले दिएका धोका; आर्थिक अभावबाट सिर्जना भएका; आमाबुबा वा श्रद्धेयजनसँगको सम्बन्धमा आउको विग्रह; आफ्ना गल्तीलाई आफैले क्षमा गर्न नसक्दा उत्पन्न मनोदशा; लागुऔषध आदिका कारण उत्पन्न पश्चात्ताप; श्रमका कारण, शरणार्थी हुनुपर्दा, विस्थापित हुनुपर्दा; अस्तित्व संरक्षणका निम्ति सङ्घर्ष गर्नुपर्दा; महत्त्वाकांक्षाको परिपूर्ति गर्नुपर्दा उत्पन्न; आवेग, उत्तेजना, आदि मानसिक संवेग नियन्त्रण गर्न नसक्दा; बलात्कार, यौन क्षमतामा ह्रास (सुवेदी, २०७६, पृ. १४३) जस्ता बहुल सम्भावनालाई अभिघातका कारण मानेको पाइन्छ । यी कारणबाट उत्पन्न अभिघातलाई प्रस्तुत गर्ने सिर्जनलाई अभिघात सिर्जनाको रूपमा चिनिन्छ भने त्यस्ता सिर्जनाको अध्ययन विश्लेषण नै अभिघात सिद्धान्तका सापेक्षमा गरिन्छ ।

## विमर्श र परिणाम

रामलाल जोशीको *बाआमा* आख्यानात्मक कृतिभित्रका विभिन्न पाठहरूमध्ये पहिलो क्रममा रहेको 'बाबाको माया' कथा अभिघातजन्य अवस्थाको प्रस्तुतिका दृष्टिकोणले महत्त्वपूर्ण कथाका रूपमा देखापरेको छ । यसमा मूलतः बाबु, आमा र छोरा तीन पात्र मुख्य भूमिकामा देखिन्छन् भने अन्य पात्रहरूसमेत प्रासङ्गिक रूपमा प्रस्तुत भएका छन् । प्रस्तुत कथामा कथाका यी तीन पात्रहरूले विभिन्न अवस्था र परिस्थितिजन्य घटना अवस्था आदिका कारण घात प्रतिघातको सामना गर्नुपरेको छ । यी पात्रले भोग्नुपरेका अभिघातका मुख्य कारणहरूमा पारिवारिक, सामाजिक, राजनैतिक र द्वन्द्व/युद्धजन्य अभिघात प्रमुख देखापर्दछन् । यी कारणले कथाका प्रमुख पात्रहरूले कतै एक्लै र कतै सामुहिक रूपमा नै अभिघातजन्य अवस्थाको सामना गर्नुपरेको देखिन्छ । अतः 'बाबाको माया' कथामा प्रस्तुत भएका अभिघातजन्य अवस्थालाई यहाँ पात्रहरूका नामबाट शीर्षकीकरण गरी सूक्ष्म रूपमा विश्लेषण गरिएको छ ।

**म पात्रको अभिघात जीवन भोगाइ**

प्रस्तुत 'बाबाको माया' कथाको म पात्र उमेरका दृष्टिले बालपात्र हो । कथाको कथयिता पात्रका रूपमा उपस्थित यस पात्रको नाम कथामा कतै उल्लेख गरिएको पाइँदैन । प्रस्तुत कथा समाविष्ट कृतिलाई संकथनका रूपमा स्वीकार गर्दा चौथो क्रममा रहेको 'बौजुको बात' पाठमा उसको नामको उल्लेख भएको पाइन्छ । उसलाई अन्य पाठहरूमा समेत रामनाथ भनिएको छ । 'बाबाको माया' कथाभित्र बालक पात्रका रूपमा उपस्थित यस पात्रले जीवनमा मूलतः दुई प्रकारका अभिघातजन्य भोगाइको सामना गर्नुपरेको देखिन्छ । चारवटा सन्तान जन्मदै मर्दै गरेपछि जन्मिएको भए पनि बाबुको माया र सन्तानको रूपमा बाबुबाट महत्त्व नपाएका कारण उसले भोगको र बोध गरेको मानसिक पीडा म पात्रका जीवनको एउटा महत्त्वपूर्ण अभिघातका रूपमा देखापर्दछ । यस प्रसङ्गलाई कथाकारले ज्यादै महत्त्वका साथ प्रस्तुत गरेका छन् । अभिघातका सम्भावित अनेक अवस्थाहरूमध्येको आत्मीयजनबाट पाउनुपर्ने माया नपाउँदाको बालमनोभावनामा पर्ने प्रभावका अभिघातको रूपमा म पात्रले बाबुका बारेमा लिएको चासो र अपेक्षा अनुरूप नहुनुलाई लिन सकिन्छ । सधै प्रदेशमा रहने बाबुलाई म पात्रले कहिल्यै नदेख्नु, नचिन्नु र चिन्ने जान्ने उत्कट अभिलाषाका रूपमा बाबुको तस्विरको खोजी गर्नुलाई लिन सकिन्छ । बाबाको अस्तित्व बोध गरी खोजी गर्ने अवस्थामा पुगेको बालक म पात्रले "मनमा तीव्र खुलदुली थियो, कस्तो होला मेरा बाबाको अनुहार ?" (जोशी, २०७९, पृ.३) भन्ने जिज्ञासाले उसले बाबुलाई चिन्दैन भन्ने पुष्टि गरेको छ र कथाको घटनाक्रम केही अघि बढिसक्दा बाबु घरमा आउदा नचिन्नुले पनि यो पुष्टि गरेको पाइन्छ । "मेरा बाबाको फोटो खोइ आमा ? बाबाको फोटो छैन र भन्या ?" (जोशी, २०७९, पृ. ३) भन्ने आमासँगको जिज्ञासाले म पात्र बालकको आफ्ना बाबालाई चिन्ने उत्कट अभिलाशालाई स्पष्ट पार्दछ । आफ्ना बाबुको

अनुहार र तस्विर समेत देख्न नपाएको म पात्रका मनमा साथी दलेले आफ्ना घरको ढोकामाथि रहेको बाबाको जुँगामुठे तस्विर देखाउँदै "ऊ देखिस्, कत्रा छन् मेरा बाका जुँगा । छोरा मान्छेका जुँगा तेत्रै हुनुपर्छ, बुझिस्" (जोशी, २०७९, पृ. ४) भन्दा आफूले खिस्रिक्क परेर माटोमा गाडिएझैं हुनुपरेको कुरा व्यक्त गरेको देखिन्छ । म पात्रले त्यस पीडालाई व्यक्त गर्दै भनेको छ "खै कहाँबाट देखाउँ म मेरा बाबाको फोटो ? कहाँबाट देखाऊँ, मेरा बाबाका जुँगा ?" (जोशी, २०७९, पृ. ४) । बाबुको फोटो हेर्न नपाउँदाको पीडा, बाबुलाई चिन्न नपाउँदाको पीडा र त्यसैमाथि साथी दलेले आफ्ना बाबुको जुँगामुठे फोटो देखाएर फूर्ति लगाउँदाको अवस्था म पात्रको अभिघातजन्य अवस्थाका रूपमा देखापरेको छ ।

एकदिन साँझ एक अपरिचित व्यक्ति लुसुक्क आफ्ना घरमा आएर स्वामीत्व देखाउँछ । त्यही व्यक्तिलाई देखाउँदै आमाले 'तिनै हुन् तेरा बा' भनी चिनाउँदा खुसी हुनुपर्ने म पात्र कत्ति खुसी हुन सक्दैन । ऊ खुसी हुन नसक्नुको मुख्य कारण जसरी अरुका बा खबर गरेर आउँछन्, जसरी अरुका बा घरमा आउँदा परिवारमा उत्साह हुन्छ आफ्ना बाबु घरमा त्यो वातावरण लिएर नआउनु हो भन्ने देखिन्छ । म पात्रको अभिव्यक्तिले उसमा खुसी देखिनुपर्नेमा उत्पन्न निराशाले अभिघातको अवस्था सिर्जना गरेको पाइन्छ :

> बाबा पनि अँध्यारो साँझमा रातको बिजुलीझैं यसरी मिलिक्क आउँछन् र ? पोहोर साल दलेका बा इन्डियाबाट आउँदा सारा केटाकेटी कोलडाँडासम्मै पुगेका थिए, हेर्नलाई । तर मेरा बाबा त लुसुक्क चोरझैं पो आउनुभयो त ! किन मेरा बाबा दलेका बाबाजस्तै काँधमा टेपरिकाट घन्काएर आउनुभएन ? (जोशी, २०७९, पृ. ९)

यस प्रसङ्गबाट बाबुलाई देख्न चिन्न नपाउँदा, बाबुको तस्विर देख्न देखाउन नपाउँदा म पात्रका मनमा जुन अभिघातजन्य पीडा उत्पन्न भएको देखिन्छ त्यो पीडा बाबुले गाउँमा होहल्ला मच्चाउँदै, लाहुरेको रवाफिलो पारामा आउनुको साटो लुसुक्क साँझमा आउनुले अझ बढी उत्कर्षमा पुगेको देखिन्छ ।

म पात्रको जीवनमा भएको अर्को महत्त्वपूर्ण अभिघातजन्य दुर्घटना कथाले प्रस्तुत गरेको अभिघातजन्य विषय घटनाका दृष्टिकोणले उत्कर्ष हो । कथाका अन्य अभिघातजन्य घटना र विषय म पात्र उसकी आमा र बाबुले भिन्नभिन्न रूपमा वा एक्लाएक्लै अनुभव वा महसुस गरेको पाइन्छ भने कथाको अन्तिम घटना परिवारकै लागि अत्यन्त दर्दनाक बनेर देखापरेको छ । प्रस्तुत घटना समाजमा विद्यमान विद्रोह, द्वन्द्व वा हत्याप्रकरणजन्य अभिघात हो । म पात्रको बाबु राजनैतिक व्यवस्थाका विरुद्ध परिवार, छोरो श्रीमती नभनेर लाग्छ र क्रान्ति सफल हुन्छ । त्यसपछि राज्यले घोषणा गरेका निर्वाचनमा म पात्रका बाबुले चुनावको टिकट पाउनुपर्नेमा क्रान्तिमा लाग्दा विरोध गर्नेहरूलाई नै टिकट दिएपछि राजनीति छोडेर सादगी जीवन व्यतीत गर्न लागेको, आफ्नो खेती किसानी सम्हाल्न लागेको म पात्रको बाबुलाई एकरात भूमिगत आन्दोलनकारीहरू आएर जबर्जस्ती घरबाहिर निकाल्छन् र हातखुट्टामा बाँधेर परालमा पुरेर आगो लगाइदिन्छन् । यस घटनालाई एउटा खाँबोमा बाधिएर हेर्न विवश म पात्रले त्यस घटनालाई सम्झने क्रममा व्यक्त गरेको अभिव्यक्तिले अभिघातजन्य मनोदशालाई प्रस्तुत गरेको देखिन्छ । आफ्ना बाबाको हत्यालाई आफ्नै आँखाले प्रत्यक्ष देखेको घटनालाई भुल्न चाहेर पनि भुल्न नसकेको म पात्र त्यस अभिघातजन्य मनोदशालाई प्रस्तुत गर्दै भन्छ "लाख प्रयत्न गरेँ त्यो पल भुल्न सकूँ । उफ् ! भएन भगवान्, भएन । कसै गर्दा पनि त्यो पल विस्मरण भएन  भुल्न नसकेको त्यही कथा भन्नलाई मैले आफ्नो मन निकालिदिएको छु । मुटु-कलेजो निकालेर पाठकका हातमा राखिदिएको छु" (जोशी, २०७९, पृ.१८) । यसरी आफ्ना ती पिता चाहेर पनि बाल्यकालमा जोसँग सँगै हुन पाएन र सँगै बस्न पाएको अवसरमा निरपराध व्यक्तिलाई अपराधी घोषित गरी आफ्नै अगाडि जलाएर हत्या गरिदिएको घटनालाई

भुल्न नसकेर त्यो अभिघातको चरमोत्कर्ष अवस्थालाई बोकेर बाँच्न विवश म पात्रको अवस्थाले कथालाई अभिघातका दृष्टिले बलियो तुल्याएको पाइन्छ ।

**म पात्रकी आमाको अभिघातजन्य मनोदशा**

प्रस्तुत कथाका प्रमुख तीन पात्रमध्ये दोस्रो महत्त्वपूर्ण पात्र म पात्रकी आमा हो । अभिघात मनोदशाका दृष्टिकोणले पनि उक्त पात्र कथामा महत्त्वपूर्ण पात्रका रूपमा देखिएकी छ । अभिघात भोगाइका कतिपय विषय म पात्र र उसकी आमाका लागि समान भए पनि तिनलाई अनुभव गर्ने अवस्थाका दृष्टिले उनीहरूमा अभिघातजन्य अवस्था भिन्न देखिन्छ भने बालपात्र भएकैले आमाले बोध गर्ने सबै प्रकारका अन्याय, अपमान, र पीडालाई बोध नगर्नु र गर्न नसक्नुजस्ता कारणले पनि कथामा यी पात्रहरूले अनुभूत गर्ने अभिघातमा भिन्नता सिर्जना हुन गएको देखिन्छ । म पात्रकी आमाका माध्यमबाट पनि प्रस्तुत 'बाबाको माया' कथा अभिघातको प्रस्तुतिका दृष्टिले महत्त्वपूर्ण देखापरेको छ ।

बालक छोराले आफ्नो बाबुलाई चिन्ने, देख्ने उत्कट अभिलाषाका कारण बाबुको फोटो खोज्नु र त्यस अवस्थामा छोराको चित्त बुझाउन नसक्नु एक आमाका निम्ति कतिसम्म पीडादायक छ भन्ने कुरालाई कथाको आरम्भमै प्रस्तुत गरिएको पाइन्छ । लगातार चारवटा सन्तान खेर गएपछिको सन्तान जसले बाबुको माया पाउन सकेको छैन, देख्न चिन्नसम्म पाएको छैन, त्यस छोराले बाबाको फोटो माग्दा आमाको जुन मनोदशा देखापर्दछ त्यसलाई कथामा यसरी प्रस्तुत गरिएको छ "आमा यो प्रश्नले यति दुखित हुनुहुन्थ्यो कि मानौं, मैले प्रश्न गरेको होइन, बाणै रोपेको हुँ ... आमाको आङमा काँडा उम्रन्थे । आँखा पन्याला हुन्थे" (जोशी, २०७९, पृ. ३) । घरप्रति विशेष वास्ता नगरी क्रान्ति भनेरै लागिरहने लोग्नेका कारण बैसमा लोग्नेको सान्निध्य नपाई जन्मिएको सन्तानलाई टुहुरालाई झैँ हुर्काइरहेकी नारीको मनोदशा कथामा अभिघातको महत्त्वपूर्ण प्रस्तुतिका रूपमा देखिन्छ । त्यही पीडाजन्य मनोदशा कथामा यसरी अभिव्यक्त भएको पाइन्छ "जसका लागि पलपलमा जिन्दगी तड्पिरहन्छ । जसको यादमा मुटु जलिरहन्छ । जसको अभावमा हृदय पानीबिनाको माछोझैँ छटपटिइरहन्छ, उही मान्छेको न फोटो, न सपना, न विपना, कठै ! जिन्दगी काट्नु कसरी ?" (जोशी, २०७९, पृ. ५) । म पात्रकी आमाको यो अभिव्यक्तिले अभिघातजन्य मनोदशालाई प्रस्तुत गर्दछ । एकातर्फ लोग्नेले क्रान्तिमा लागेर घर परिवारप्रति विशेष जिम्मेवारी बोध नगर्नुको पीडा सहेर घर चलाइरहेकी म पात्रकी आमालाई समाजले लोग्ने आतङ्ककारी भएको, अर्की स्वास्नी राखेको जस्ता अनर्थ कुरा सुनाउनेमात्र नभई आफ्नै दाजु (म पात्रको राइँला मामा) को "आफ्नो जिन्दगी आफै सम्हाल् बैना । त्यै पापीको भर परेर नबस्" (जोशी, २०७९, पृ. ६) भन्ने अभिव्यक्तिले म पात्रकी आमाका मनमा अभिघात सिर्जना गरेको पाइन्छ । त्यसैमाथि राजनैतिक गफ गरेर बसेका कान्छा बडाजुले लोग्नेलाई राजाका गाथगादी ताक्ने, राजाको कुर्सीमा बम हान्न खोज्ने, राँडको छोरो, अराष्ट्रिय तत्त्व जस्ता आरोप लगाउँदा मनमा उत्पन्न असैह्य पीडा प्रतिवादका रूपमा यसरी उत्पन्न भएको पाइन्छ "के भन्यौ कान्छा बडाजु ? फेरि भन त ! तमीले आफ्नी स्वास्नी र छोराछोरी हेरेकै छौ । दुनियाँका दुःख मेट्याका छौ र ? हामी नाङ्गाभोका रह्याको तमीले हेर्नुपर्न्या केई नाइँ । त्यसै किन थुतुनो चलाउँदा छौ हँ ?" (जोशी, २०७९, पृ.७) । यसरी म पात्रकी आमाले एकातिर जवानीमै लोग्नेको अभावमा एक्लै छोरालाई हुर्काउनुपर्नुको पीडा र अर्कातिर समाजले लोग्नेमाथि अनेक आरोप प्रत्यारोप गर्दै आफ्नो सुर गर्न दिने गरेका अभिव्यक्तिबाट प्राप्त पीडालाई कथाले प्रस्तुत गरेको पाइन्छ । यसले कथामा अभिघातको अवस्था सिर्जना गरेको देखिन्छ । जीवनको लामो समय यस्ता पीडाहरू सहेर अन्त्यमा लोग्नेले सबै कुरालाई त्यागी घर गृहस्थीमा लाग्नाले उसको साथ पाएर आनन्दित भएकी म पात्रकी आमा जब एकरात विद्रोहीहरू आएर लोग्नेलाई घिसार्दै घरबाहिर निकाली आफ्नै आँखाअगाडि हात खुट्टा बाँधेर आगो लगाई हत्या गरिदिन्छन् त्यस अवस्थामा उसको मन

मस्तिष्कमा र जीवनमा जुन अवस्था सिर्जना हुन्छ त्यो अभिघातको चरमोत्कर्षका रूपमा देखापरेको छ । त्यस अवस्थामा आफ्ना लोग्नेलाई आगो लगाइरहँदाको आमाको अवस्थालाई म पात्रले यसरी प्रस्तुत गरेको छ- "धरती हल्लाएर मुटु फुटाइरहनुभएको थियो । आमाको रोदनमा धरती काँपीरहेको थियो" ( जोशी, २०७९, पृ. २२) । कथाको आदिदेखि अन्त्यसम्मका म पात्रकी आमाका यी विविध अवस्थाहरूले कथामा अभिघातको अवस्था सिर्जना गरेको देखिन्छ । जसमा पहिला बाबुको फोटो हेर्ने छोराको उत्कट चाहना, दोस्रो गाउँलेद्वारा लोग्नेमाथि आरोप लगाउँदै आफ्नो सुर गर्न दिएको सल्लाह र तेस्रो आफ्नै आँखाअगाडि लोग्नेको हत्या गर्नुजस्ता घटनाले दिएको पीडा कथामा अभिघातका महत्त्पूर्ण विषयसन्दर्भ बनेर प्रस्तुत भएका छन् ।

**म पात्रको बाबुको जीवनमा उत्पन्न अभिघात**

प्रस्तुत 'बाबाको माया' कथाका प्रमुख तीन पात्रमध्ये कथयिता म पात्रको बाबु पनि एक हो । यस कथामा बाबा पात्रमा पनि अभिघातजन्य जीवनभोगाइका महत्त्वपूर्ण सन्दर्भहरू प्रस्तुत भएका छन् । त्यसैले यस दृष्टिकोणबाट बाबा पात्र पनि महत्वपूर्ण पात्रका रूपमा प्रस्तुत भएको पाइन्छ । जवान पत्नीलाई घरमा छोडेर सधैं प्रदेशमा बस्ने म पात्रको बाबुले चारवटा सन्तान खेर गएपछि जन्मिएर बाँचेको छोरालाईभन्दा अधिक महत्त्व देशमा विद्यमान निरङ्कुश शासन व्यवस्थाका विरुद्धमा व्यवस्था परिवर्तनका लागि सञ्चालित क्रान्तिलाई दिएको पाइन्छ । उसको क्रान्तिप्रतिको लगाव र सक्रियता यतिसम्म देखिन्छ कि बुझ्ने भैसकेको छोराले समेत आफ्नो बाबुलाई चिन्दैन र बाबु घरमा आउँदा अचम्म परेर उसलाई हेर्छ । "मेरो घरलाई आफ्नै पेवाजस्तो गरेर ऊ भित्र पस्दा मेरा कन्सिरी ताते । मेरो रक्तिम अनुहार हेरेर आमा फिस्स हाँस्नुभयो । मधुर आवाजमा भन्नुभयो चिनिनस् ?" (जोशी, २०७९, पृ. ८) । यसरी आफ्नै छोराले नचिन्नेसम्मको परिस्थिति सिर्जना हुनेगरी राजनैतिक परिवर्तनमा लागेको म पात्रको बाबुले प्राप्त उपलब्धिबाट तिरस्कृत हुनुपर्दाको भावमा जुन पीडा अभिव्यक्त भएको पाइन्छ ती नै प्रस्तुत पात्रले भोगेका अभिघात हुन् । क्रान्तिमा लागेकैले समाजबाट प्राप्त तिरस्कार, पार्टीको अवमूल्यन र सुराकीको आरोपमा गरिएको हत्याजस्ता सन्दर्भहरू यस पात्रका जीवनमा घटेका अभिघातका घटनाहरू हुन् ।

लामो क्रान्तिपछि सफलता प्राप्त गरेर घर फर्किएको म पात्रको बाबुलाई कान्छा बडाजुले "सर्कारको कुन चाँइ ब्याङ्क लुट्न गयाको हुँदो हो । आजसम्म झ्यालखानामा जाकिएर आयो, माकोपोइ" (जोशी, २०७९, पृ. १३) भनी लगाएको आरोप अत्यन्त अपमानजनक छ । यसप्रकारको अभिव्यक्ति एक सच्चा क्रान्तिकारी अभियन्ताका लागि अत्यन्त पीडाजनक अर्थात् अभिघातजन्य हुन्छ । यो अपमान समाजले गरेको अपमानजन्य अभिघातका रूपमा देखापर्दछ । यसका साथै प्रस्तुत पात्रका जीवनमा घटेको अर्को अभिघातित घटनाका रूपमा राजनीतिक दलले गरेको निर्णय र व्यवहार देखापर्दछ । देशमा आम निर्वाचनको घोषणा भएपछि आफूले राजनैतिक परिवर्तनका लागि जुन दललाई साथ र सहयोग गरेको हुन्छ; छोरो, पत्नी, घर नभनेर क्रान्तिमा लागेको हुन्छ त्यस दलले पक्कै योगदानको मूल्याङ्कन गरेर आफूलाई नै टिकट दिन्छ भनी निश्चिन्त भएको म पात्रले टिकट नपाएर आफ्नो राजनैतिक संलग्नताप्रति असन्तुष्टि व्यक्त गर्दै बहिनीलाई "आफ्नो जिन्दगी आफै सम्हाल्, बैना । त्यै पापीको भर परेर नबस्" ( जोशी, २०७९, पृ. ६) भन्ने राइला जेठान (कथामा म पात्रले राँइला मामा भनेको पात्रले टिकट पाउँदा पार्टीले योगदानको अवमूल्यन गरेको ठान्छ र त्यसले उसलाई पीडा दिएको देखिन्छ । संयमपूर्वक अवसर फेरि पनि आउँछ भनेर पर्खिबसेको म पात्रको बाबुले मध्यावधि चुनाव हुने भएपछि पक्कै अवसर पाउँछु भन्ने आश गरेको देखिन्छ परन्तु पार्टीले यस पटक झन् क्रान्तिका समयमा दलीय क्रियाकलापको विरोध गर्ने कान्छा बडाजुलाई टिकट दिन्छ । यस घटनाले म पात्रका बाबुको मनमा अझ ठूलो आघात पुऱ्याएको

देखिन्छ । यस घटनालाई कथामा यसरी प्रस्तुत गरिएको छ- "राजनीति अवसरवादीहरूको हातमा गयो । राजनीतिले बाटो बिराएको देखेर बाबा र बाबाजस्ताहरू जिन्दगी खेर फालेको पश्चातापमा टिठलाग्दा भई ठिहिरिएका थिए" (जोशी, २०७९, पृ. १५) । त्यसपछिको निर्वाचनमा राँइला मामाको छोरालाई टिकट दिएपछि राजनीतिप्रति वितृष्णा उत्पन्न भई पूर्णरूपले राजनीतिलाई त्याग गरी घरगृहस्थीमा लागेको देखिन्छ । "आफ्नै कुटोकोदालो चलाएर बस्छु, गर्दिन राजनीति अब" (जोशी, २०७, पृ. १६) भन्ने निर्णयमा पुगेको म पात्रको बाबुलाई एकरात आन्दोलनकारी विद्रोहीहरू आएर घरबाट बाहिर निकाली "तेरीमाँ ... साला सामन्ती । तैं होइनस् सुराकी ?" (जोशी, २०७९, पृ. १९) भन्दै हातखुट्टा बाँधेर परालमा आगो लगाई हत्या गर्नुजस्तो घटनाले कथामा अभिघातजन्य अवस्थाको उत्कर्ष सिर्जना गरेको देखिन्छ । यसरी प्रस्तुत कथामा म पात्र, उसकी आमा र बाबुले भिन्नभिन्न विषय, घटना र सन्दर्भका साथै एउटै घटनामा सामूहिक रूपमा भोगेका मानसिक तथा शारीरिक पीडालाई प्रस्तुत गरेको देखिन्छ । ती घटनाले कथामा अभिघातको सिर्जना गरेको पाइन्छ । यसबाट प्रस्तुत कथा अभिघातको प्रस्तुतिका दृष्टिकोणले सशक्त बन्न पुगेको देखिन्छ ।

## निष्कर्ष

रामलाल जोशीद्वारा लेखिएको *बाआमा* कथासङ्ग्रहमा समाविष्ट पहिलो कथा 'बाबाको माया' अभिघात सिद्धान्तका दृष्टिकोणले महत्त्वपूर्ण कथाका रूपमा प्रस्तुत भएको छ । प्रस्तुत कथामा स्पष्ट समयको उल्लेख नगरिएको भए पनि २०४७ सालको राजनैतिक परिवर्तनपूर्वको क्रान्ति तथा राजनैतिक परिवर्तनपछिको अवस्थालाई आधार बनाएर परिवार, सन्तान, श्रीमती नभनेर आन्दोलनमा लागेका व्यक्ति र उसका परिवारले भोग्नुपरेका अपमान, पीडा, तिरस्कार जस्ता घटनाहरू प्रस्तुत गरिएको छ । कथामा कथयिता म पात्र, उसकी आमा र बाबुले भोगेका अभिघातजन्य घटनालाई नै कथाले मुख्य कथा बनाएको छ । त्यसकारण यी तीन पात्र नै अभिघातका दृष्टिले महत्त्वपूर्ण छन् । कथाको कथयिता म पात्र जसले बाल्यकालमा बाबुको माया पाउँदैन, आफ्ना बाबालाई देखेर चिन्न समेत सक्दैन, अरुका छोराले आफ्ना बाबाको फोटो देखाएर फूर्ति लगाउँदा बाबाको फोटो देखाउन पाउँदैन । त्यस्ता घटनाले दिएका पीडा र अरुका बाबा प्रदेशबाट घरमा आउँदा जुन हल्ला र रौनक हुन्छ त्यो आफ्ना बाबा आउँदा हुँदैन । सुटुक्क साँझमा चोर झैँ लुकेर घरमा आउँदाको नरमाइलोपनले बालमनोभावनामा दिएको पीडा अभिघातजन्य छ, साथै आफ्नै अगाडि क्रान्तिकारीहरूले सामन्ती सुराकीको आरोप लगाउँदै यातना दिएर आगो लगाई हत्या गरिदिँदा उत्पन्न पीडा अभिघातको चरम उत्कर्ष हो । म पात्रकी आमाले लोग्ने प्रदेशमा रहँदा एक्लै छोरो हुर्काउनुपर्दाका पीडामात्र नभई छोराले बाबुलाई चिन्न नसकेर फोटो हेर्न माग्दा दिन नसक्नुका पीडा, माइतीले आफ्नो सुर गर्न दिएका सुझाव र कान्छा बडाजुले लाग्नेलाई अराष्ट्रिय तत्त्व, आतङ्ककारी भन्दै अर्कै बाटो लाग्न भन्दाका पीडा अभिघात हुन् । आफ्नै आँखाअगाडि विद्रोहीहरूले सामन्ती, सुराकी भन्ने आरोप लगाएर आगो लगाई हत्या गर्दाको पीडा कथामा अभिघातको उत्कर्ष बनेको छ । त्यसैगरी म पात्रका बाबुलाई कान्छा बडाजुले बैंक लुटेर झ्यालखानामा जाकिएर आएको अपराधी भन्नु, पार्टीले तीनपटकसम्म आन्दोलनका विरोधीहरूलाई चुनावमा टिकट दिनु तर आफ्नो योगदानको अवमूल्यन गर्नु तथा कथाको अन्त्यमा क्रान्तिकारीले सामन्ती सुराकीको आरोपमा हत्या गर्नु अभिघातका रूपमा प्रस्तुत भएका छन् । अतः प्रस्तुत कथा पात्रले विविध कारणले जीवनमा भोग्नुपरेका अभिघातको अभिव्यक्ति हो र यो कथा अभिघातजन्य जीवनभोगाइको प्रस्तुतिका दृष्टिकोणले महत्त्वपूर्ण छ ।

## सन्दर्भसामग्री


कोइराला, कुमारप्रसाद (२०६८). *आख्यान विमर्श.* ओरिएन्टल पब्लिकेसन ।

खतिवडा, लेखराज र भण्डारी महेन्द्र (२०७७). *आधुनिक नेपाली कथाका उत्तरवर्ती चरणका प्रवृत्ति.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद (२०६७). 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप' *भृकुटी* (पूर्णाङ्क १०, माघ, फागुन, चैत). पृ. ३८४-३९८ ।

गौतम, लक्ष्मणप्रसाद (२०६८). *उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप.* पैरवी प्रकाशन ।

जोशी, रामलाल (२०७९). *बाआमा.* बुकहिल पब्लिकेसन ।

त्रिपाठी, वासुदेव (२०६७). *नेपाली बृहत् शब्दकोश* सातौं संस्क.. नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौड्याल, एकनारायण (२०७०). *समालोचनाको स्वरूप र पद्धति.* विमर्श नेपाल ।

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* दो.संस्क.. ओरिएन्टल पब्लिकेशन हाउस ।

शर्मा, मोहनराज (२०६६). *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना.* क्वेष्ट पब्लिकेसन ।

शर्मा, विन्दु (२०६८). 'कथाको अभिघात समालोचना'. *उन्मेष.* (१२), पृ. ११३-१२२ ।

सुवेदी, राजेन्द्र (२०७६). 'अभिघात सिद्धान्त'. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा सम्पादित *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड* द्वि. संस्क.. रत्न पुस्तक भण्डार ।

Luckhurst, Roger (2009). "Mixing Memory and Desire: Psychoanalysis, Psychology and Trauma Theory". *Literary Theory and Criticism.* ed.. Patricia Waugh. Oxford University Press. pp. 497-507.